नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

प्रधान कार्यालय,
मानवश्रोत व्यवस्थापन विभाग

## Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशन मिति: २०८२/११/०१)

लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व.२०८२/८३ को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका निम्न पदहरुमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट online दरखास्त आह्वान गरिएको छ । तह ४, सहायक पदका विज्ञापनहरुको हकमा https://urp.nepalgovbanks.com मार्फत तथा अन्य तहका पदहरुको हकमा https://jobs.nepalbank.com.np मार्फत बैंकले तोकेको online दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी सो को साथ नागरिकता प्रमाणपत्र र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र, अनुभव चाहिने पदका लागि तोकिएको अनुभवको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, दस्तखत र तह ४, सहायक पदको हकमा लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ गते सञ्चालित पूर्व योग्यता उत्तिर्ण भएको प्रमाणपत्र संलग्न गरी तोकिएको शुल्क तिरी मिति २०८२/११/२१ गते सम्म र दोब्बर दस्तुर तिरी २०८२/११/२८ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट) online दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | समूह | पद संख्या | न्युनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|---|
| १ | १९/२०८२-८३ | वरिष्ठ प्रबन्धक | ९ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातकोत्तर उत्तीर्ण गरी नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा बैंक तथा वित्तीय संस्था वा विश्वविद्यालय वा शिक्षक सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएका संगठीत संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच बर्ष सेवा गरेको । विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा न्यूनतम ३ वर्षको अनुभव । |
| २ | २०/२०८२-८३ | सहायक प्रबन्धक | ६ | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातकोत्तर उत्तीर्ण । |
| | | | | महिला | १ | |
| | | | | मधेशी | १ | |
| | | | | पि.क्षे. | १ | |
| ३ | २१/२०८२-८३ | सहायक प्रबन्धक (IT) | ६ | मधेशी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर तथा सूचना प्रविधि विषयमा न्यूनतम स्नातकोत्तर उत्तीर्ण । |
| ४ | २२/२०८२-८३ | सहायक प्रबन्धक (CA) | ६ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सि.ए./ए.सि.सि.ए. उत्तीर्ण । |
| | | | | आ.ज. | १ | |

**प्रदेशगत विज्ञापन (सहायक-IT पदको लागि) :**

| क्र.सं. | सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | मधेश प्रदेश | २३/२०८२-८३ | सहायक (IT) | ४ | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधिमा स्नातक उत्तीर्ण गरेको । |
| २ | बागमती प्रदेश | २४/२०८२-८३ | सहायक (IT) | ४ | खुला | २ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | मधेशी | १ | |
| ३ | लुम्बिनी प्रदेश | २५/२०८२-८३ | सहायक (IT) | ४ | खुला | १ | |

प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग

**प्रदेशगत विज्ञापन (सहायक पदको लागि) :**

| क.सं. | सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | १०१/२०८२-८३ | सहायक | ४ | खुला | ५ | मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम स्नातक उत्तीर्ण गरेको । |
| | | | | | महिला | १ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | दलित | १ | |
| २ | मधेश प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | १०२/२०८२-८३ | सहायक | ४ | खुला | ३ | |
| | | | | | महिला | १ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | मधेशी | १ | |
| ३ | बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | १०३/२०८२-८३ | सहायक | ४ | खुला | ५ | |
| | | | | | महिला | १ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | मधेशी | २ | |
| | | | | | अपांग | १ | |
| ४ | गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | १०४/२०८२-८३ | सहायक | ४ | खुला | ७ | |
| | | | | | महिला | १ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | मधेशी | १ | |
| | | | | | दलित | १ | |
| | | | | | अपांग | १ | |
| ५ | लुम्बिनी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | १०५/२०८२-८३ | सहायक | ४ | खुला | ३ | |
| | | | | | महिला | १ | |
| | | | | | दलित | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः**

- सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-W0-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।
- तह ४, सहायक पदका हकमा नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको अप्राविधिक तर्फका प्रशासन सेवा, प्रशासन/नगद समूह/उपसमूह, चौथो तह, सहायक/सहायक (नगद)/लेखपाल (प्रशासन) वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि प्रथम पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुनेछ । तर द्वितीय पत्रको सेवा, समूह र संस्था सम्बन्धी विषय संस्था/निकाय अनुरूप फरक फरक हुनेछ ।

(१) समावेशी समूहको लागि छुट्याइएको पदमा देहाय बमोजिम हुने गरी online दरखास्त दिनुपर्नेछ ।

क) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा scan गरी attach गर्नुपर्नेछ ।

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा scan गरी attach गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सुचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमूखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा scan गरी attach गर्नुपर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परीचयपत्र अनिवार्य रुपमा scan गरी attach गर्नुपर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, मानस्रोत व्यवस्थापन विभाग

नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको तीन महिना ननाघेको प्रमाणपत्र अनिवार्य रुपमा scan गरी attach गर्नुपर्नेछ ।

| | |
|---|---|
| (२) सेवाको किसिम: | स्थायी । |
| (३) तलब तथा अन्य सुविधा: | बैंकको प्रचलित नियम अनुसार । |
| (४) उम्मेदवारको उमेर: | Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०८२/११/२१ गते) सम्ममा वरिष्ठ प्रबन्धक पदमा एक्काईस वर्ष पुगेको र पैंतालिस वर्ष ननाघेको । सहायक प्रबन्धक पदमा एक्काईस वर्ष पुगेको र पैंतिस वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेका) । सहायक र सहायक (IT) पदमा अठार वर्ष पुगेको र पैंतिस वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको) । बैंकको वहालवाला स्थायी कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन । |
| (५) उम्मेदवारको छनौट विधि: | लिखित परीक्षा तथा अन्तर्वार्ता । |
| (६) अन्य सेवा शर्त: | नेपाल बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७९ बमोजिम । |
| (७) परीक्षणकाल अवधि: | १ वर्ष (महिला कर्मचारीलाई ६ महिना) । |
| (८) परीक्षा दस्तुर : | वरिष्ठ प्रबन्धक र सहायक प्रबन्धक पदको खुला समूहका लागि रू. १,०००/- (एक हजार) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. ४००/- (चार सय) ।<br><br>सहायक र सहायक (IT) पदको खुला समूहका लागि रू. ८००/- (आठ सय) र उक्त पदहरुको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. २००/- (दुई सय) ।<br><br>(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा दस्तुर फिर्ता हुनेछैन ।) |
| (९) परीक्षा दस्तुर बुझाउने प्रक्रिया: | Online आवेदन भरे पश्चात प्राप्त हुने निर्देशन बमोजिम Online Application Portal मा उपलब्ध भुक्तानी प्रणाली मार्फत दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ । यसरी दरखास्त दस्तुर भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंलेनै बेहोर्नुपर्नेछ ।<br><br>तोकिएको कुनैपनि भुक्तानी प्रणालीबाट दरखास्त दस्तुर भुक्तानी गरिसकेपछि Online Application Portal मा **"Payment Successful"** र **"Submitted"** भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिनसम्म **"Payment Successful"** र **"Submitted"** नभएको खण्डमा थप सात दिनसम्म दोब्बर दस्तुर लाग्नेछ र दोब्बर दस्तुरको म्याद समाप्त हुँदासम्म पनि दरखास्त दस्तुर भुक्तानी नगरेमा वा Online दरखास्त फाराम submit नगरेमा आवेदन स्वीकृत गरिने छैन । |

(१०) उपरोक्त पदहरुको **लिखित परीक्षा लोक सेवा आयोगबाट** सञ्चालन हुनेछ । लिखित परीक्षा कार्यक्रम र परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।

(११) छनौट भई नियुक्ति गरिएका कर्मचारीहरुले बैंकले खटाएको कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

(१२) सहायक पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तर्वार्ताको समयमा सम्बन्धित प्रदेश अन्तरगतका शाखाहरुको शाखागत छनौट सुची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनौट गरेका शाखा/कार्यालयहरुमा निजको अन्तिम योग्यताक्रमका आधारमा क्रमशः नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली २०७९ को विनियम ७ को उपविनियम (४) बमोजिम निम्न अवधि वा पदोन्नती नहुँदा सम्म जुन कम हुन्छ सो समय सम्म सेवा गर्नुपर्नेछ ।

- क र ख समूहका शाखा/कार्यालयमा - न्यूनतम ३ वर्ष
- ग समूहका शाखा/कार्यालयमा - न्यूनतम ४ वर्ष
- घ र ङ समूहका शाखा/कार्यालयमा - न्यूनतम ५ वर्ष

(१३) एक भन्दा बढी विज्ञापनमा online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनको लागि अलग अलग नै दरखास्त दस्तुर भुक्तानी गर्नुपर्नेछ ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, मानवस्रोत व्यवस्थापन विभाग